# मुक्तिनाथ विकास बैंक लि.को शाखा कार्यालय सञ्चालानार्थ घर भाडामा आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९ भाद्र १३ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय बत्तीसपुतलीको स्थानान्तरणको लागि काठमाण्डौं महानगरपालिका वडा नं. ९ भित्र करिव १५०० देखि २००० बर्गफिट सम्मको क्षेत्रफल भएको घर बहालमा लिन आवश्यक भएकोले घर बहालमा दिन ईच्छुक घरधनीहरुले सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र यस विकास बैंकको केन्द्रीय कार्यालय कमलादी काठमाण्डौं सामान्य सेवा विभागमा आई पुग्ने गरी आफ्नो प्रस्ताव पेश गर्नु हुन अनुरोध छ। विभिन्न वित्तीय संस्थाहरु गाभ्ने, गाभिने कार्यबाट खाली भएका स्थानहरु रहेमा उच्च प्राथमिकतामा राखिनेछ साथै सम्बन्धित वित्तीय संस्थाले आफ्नो सम्पत्तिको उचित व्यवस्थापनका सम्बन्धमा यस बैंकको सामान्य सेवा विभागमा समन्वय गर्न सकिने ब्यहोरा जानकारी गराईन्छ।

**अन्य विवरण तथा शर्त बन्देजहरु :**

- प्रस्ताव पेश गर्दा उल्लेखित विवरण पुष्टि हुने आवश्यक कागजात संलग्न गर्नुपर्नेछ।
- पानी, बत्ती, बाटोको व्यवस्था भएको हुनुपर्नेछ।
- प्रस्तावित घरको सम्बन्धमा कुनै प्रकारको झै–झगडा तथा मुद्दा मामिला नभएको हुनुपर्नेछ।
- भुई तल्ला तथा प्रथम तल्लालाई विशेष प्राथमिकता दिइने छ।
- घर भाडामा उपलब्ध गराउने प्रस्ताव पेश गर्दा घर धनिले निवेदन पेश गर्नु पर्नेछ। तर मध्यस्थकर्ता मार्फत निवेदन गर्नु पर्ने भएमा घरधनी र मध्यस्थकर्ता बीच भएको घर भाडा सम्बन्धी करारनामा संलग्न गर्नु पर्नेछ।
- स्वीकृत प्रस्ताव उपर प्रस्तावकसंग बैंकले बहाल सम्झौता गरी बहालमा लिने छ।
- प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुन:बार्ता गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ।

**दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- मासिक घर भाडा रकम (कर समेत) स्पष्ट रुपमा खुलाइएको हुनुपर्नेछ।
- घरजग्गाको Blue Print तथा Trace Map नापी नक्सा।
- घर भएको क्षेत्र स्पष्ट हुने गरी Location Map (नक्सा)।
- भवन आचार संहिता अनुसारको घर भवन भएको पुष्टि हुने कागजात संलग्न गर्नुपर्नेछ।
- घरको फोटो र घरको नक्सा पासको प्रमाणपत्रको प्रतिलिपि।
- लालपुर्जा र घरधनीको नागरिकताको प्रतिलिपी।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ